**UNITED NATIONS MISSION IN NEPAL**

**UNMIN**

**नेपालस्थित संयुक्त राष्ट्रसंघीय मिसन**

## नेपालका लागि राष्ट्रसंघीय महासचिवका प्रतिनिधि करिन लनग्रेनले संयुक्त अनुगमन समन्वय समितिको एक सयौं बैठकमा दिनुभएको मन्तव्य

२८ मे २००९ (२०६६ जेठ १४)

संयुक्त अनुगमन समन्वय समिति (जेएमसीसी) को एक सयौं बैठकमा सहभागी हुन पाउँदा आफूलाई सम्मानित अनुभव गरेकी छु। नेपालको शान्ति प्रक्रियाको अहिलेको स्थिति र आफ्नो मुलुकको भविष्यका लागि यहाँहरूले निर्वाह गर्नुभएको अहम् भूमिकालाई मनन गर्न यो समारोहमा यहाँहरूसँगै सामेल हुन पाएकोमा हर्षित छु।

यो साता युद्धविराम सम्झौता भएको तीन वर्ष पुग्दैछ, तीन वर्षदेखि नेपाल शान्तिको अवस्थामा छ।यी वर्षहरूमा नेपालले महत्त्वपूर्ण परिवर्तन अनुभव गरी सकेको छ। सन् २००६ अप्रिलको जनआन्दोलन र सन् २००८ अप्रिलको संविधानसभाको निर्वाचनले जनताको परिवर्तन र सहभागिताको चाहनालाई प्रतिविम्बित गऱ्यो।उनीहरूले आफ्नो सुरक्षा, आफ्नो अधिकार र आफ्नो जनजीविकाको संरक्षणका लागि आफ्ना सरोकारवाला संयन्त्रबाट र आफ्ना राजनीतिक नेताबाट निकै धेरै अपेक्षा राखेका छन्।

यी अपेक्षाहरू पूरा गर्नका लागि विश्वास र सहकार्यको आवश्यकता पर्छ, यो बैठकमा उपस्थित पात्रहरू बीच पनि तिनको आवश्यकता पर्छ नै। युद्धबाट शान्तितिर रूपान्तरित हुन लागेको कुनै पनि मुलुकका लागि विश्वास र सहकार्य चुनौतिपूर्ण हुन्छ र नेपालमा, वितेका ६ सातामा भएका घटनाले यो चुनौतीलाई फेरि अग्रभागमा ल्याइदिएको छ।

शान्तिको मार्गमा कायम रहनु अत्यावश्यक छ र हालैका समयमा राजनीतिक पात्रहरूले शान्ति प्रक्रियाप्रतिको आफ्नो प्रतिबद्धतालाई सार्वजनिक रूपमा दोहराएका छन्।

हामीहरू सबैले युद्धका परिणामलाई नजिकैबाट नियालेका छौं।शरणार्थीहरूसँग र द्वन्द्वबाट पीडित भएका मुलुकहरूमा केही दसक काम गर्दा मैले पनि ती परिणाम देखेकी छु।व्यवहारीक तहमा, यहाँहरूले ८००० किलोग्राम युद्धका विष्फोटक अवशेषहरू नष्ट गरिसक्नु भएको छ, र पहिले विच्छ्याइएका केही बारूदी सुरूङहरू पनि हटाइ सक्नु भएको छ।यो वर्ष नेपाली सेनाका नौ वटा बारूदी सुरूङहरू हटाइने छ र माओवादी शिविरमा भण्डारण गरिएका बाँकी विष्फोटक पदार्थ पनि नष्ट गरिने छ।

ICC Complex, New Baneshwor, GPO Box 15211, Kathmandu, Nepal, Tel: + 977-1-501-0036/37/38, Fax: +977-1-501-0040

अर्कोतिर, युद्धका क्रममा मुलुकमा लागेका घाउहरूमा मलम लगाउनु पनि कठिन हुन्छ र दिगो शान्तिका लागि वेपत्ताहरूको अवस्था पत्ता लगाउने प्रयास गर्नु आवश्यक हुन्छ, विस्थापितहरूलाई घर फर्कन सक्षम बनाउन र विगतमा भएका मानवअधिकार हननको सत्यको स्वीकारोक्ती आवश्यक हुन्छ अनि दण्डहिनताको अन्त्यको आवश्यकता हुन्छ।

यो समय, नेपालले हासिल गरिसकेका उपलब्धिहरूलाई कसरी सुरक्षित राख्ने र कसरी शान्ति प्रक्रियाको सफल निष्कर्ष सुनिश्चित गर्ने भन्ने विषयमा चिन्तन गर्नु पर्ने समय हो। यो नेपालको आफ्नै प्रक्रिया हो र तपाईंहरू नै यसका प्रमुख पात्रहरू हुनुहुन्छ। सुरक्षा परिषद्लाई हालै दिएको ब्रिफिङ्मा मैले विस्तृत शान्ति सम्झौता र हतियार तथा सेनाको व्यवस्थापनको अनुगमन सम्झौताको पालनाका सम्बन्धमा नेपाली सेनाका साथसाथै माओवादी सेनाका प्रतिनिधिहरूलाई एकै ठाउँमा ल्याउने एक मात्र मञ्चका रूपमा जेएमसीसीको महत्व माथि जोड दिएको थिएँ। जब नेपालको शान्ति प्रक्रियाको इतिहास लेखिन्छ तब नेपाली सेना र माओवादी सेना दुबैले केही निकै अप्ठ्यारा घडीमा पनि हतियार तथा सेनाको व्यवस्थापनको अनुगमन सम्झौताको निरन्तर परिपालना गरेको र यस मञ्चमा निरन्तर सहभागी भएको देखाएको अभिलेखले देखाउने छ। शान्ति प्रक्रियाको एक चम्किलो उदाहरण हो –जेएमसीसी ।

अन्मिन निष्पक्ष ढङ्गमा र मिसनको कार्यदिश अनुसार नेपालको शान्ति प्रक्रियालाई सघाउन प्रतिबद्ध छ। सम्पूर्ण पक्षहरूसँगको परामर्श पछि मिसनले आफ्नो काम गर्ने गर्छ, विभिन्न स्तरमा हुने संवाद नेपालको शान्ति प्रक्रियाका उल्लेख्य पक्ष मध्ये एक हो र संवादका लागि अन्मिनको ढोका सदैव खुला छ। संवादको यो मञ्च अर्थात जेएमसीसीलाई प्रभावकारी बनाउनमा सदस्यका रूपमा यहाँहरूले गर्नु भएको कठोर परिश्रमको म हृदय देखि नै सम्मान र सराहना गर्छु। धन्यवाद।